# भिमाद नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## भिमाद, तनहूँ
## गण्डकी प्रदेश, नेपाल
२०७३

प.सं./Ref No. : ०७८/०७९ फोन नं.: ०६५-५७२४३६

च.नं./Des. No. :


### आ.व. २०७८/०७९ को नदिजन्य सामाग्री ढुंगा, गिट्टि, वालुवा, माटो, दहत्तरबहत्तर र काठ दाउरा एव कबाडीजन्य बस्तुको निकासि शुल्क दस्तुर संकलन गर्ने कार्यको लागी बोलपत्र आह्वान सम्बन्धी सूचना

**(Electronic Bid Only)**

### (प्रथम पटक प्रकाशित मिति २०७८/०४/०८ गते )

भिमाद नगरकार्यपालिकाको कार्यालयबाट स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद-३ को दफा ११ को उपदफा २ को खण्ड (घ) को (६) बमोजिम आ.व. २०७८/०७९ का लागि तपसिल बमोजिमका नदीजन्य सामाग्री ढुंगा, गिटी, माटो, बालुवा, दहत्तर-बहत्तर र काठ दाउरा एव कबाडीजन्य बस्तुको निकासी शुल्क दस्तुर संकलनका लागि कार्यालयले तोकेको न्यूनतम रकमबाट बढाबढ हुने गरी इबिडीङ मार्फत ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले तपसिलमा उल्लेखित शर्तहरु अनुसार ईच्छुक योग्य फर्म वा कम्पनीले देहाय बमोजिमको मिति र समयभित्र बोलपत्र खरिद गरी फर्म दर्ताको प्रमाणपत्र, मूल्य अभिवृद्धि करको प्रमाणपत्र/ स्थायी लेखा नम्बरको प्रमाणपत्र, आ.व.२०७६/०७७ को करचुक्ता प्रमाणपत्र, ईजाजत प्रमाणपत्रको प्रमाणित प्रतिलिपी सहित पेस गरी रितपूर्वकको बोलपत्र आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्य थप जानकारीका लागी यस कार्यालयको सुचना पाटी तथा कार्यालयको वेभ साइट www.bhimadmun.gov.np तथा कार्यालय समयभित्र यस नगर कार्यपालिकाको कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिने छ ।

तपसिल :

| ठेक्का नं. | विवरण | न्यूनतम रकम रु. (अग्रिम आयकर र मू.अ.कर सहित) | बोलपत्र दस्तुर रु. | धरौटी रकम |
|---|---|---|---|---|
| १/आय/भि.न.पा/०७८/०७९ | नदीजन्य सामाग्री ढुंगा, गिटी, माटो, बालुवा, दहत्तर-बहत्तर र काठ दाउरा एबं कबाडीजन्यको निकासी शुल्क दस्तुर संकलनका लागि | ४८,००,०००।०० (अक्षेरुपी अठ्चालिस लाख मात्र) | ३०००।०० (अक्षेरुपी तीन हजार मात्र) | ४,८०,०००/- (अक्षेरुपी चार लाख असी हजार मात्र) |

**शर्तहरु :**

**बोलपत्र सम्बन्धी शर्तहरु:-**

- बोलपत्र फारमको लागि बोलपत्र दाखिला हुने समय भित्र बोलपत्रदाताहरुले बोलपत्र फारम दस्तुर रकम यस कार्यालयको एन.आइ.सी. एसिया बैंक, भिमाद शाखामा रहेको आन्तरीक राजस्व खाता नं १०७२०५७५००६४९००३ मा जम्मा गरेको बैंक भौचरको Scanned Copy Upload गर्नुपर्नेछ । E-bidding मार्फत सहभागीको लागि PPMO को website http://www.bolpatra.gov.np/egp मा सवै कागजातहरु Scan गरि PDF format मा वोलपत्र पेश गर्नुपर्नेछ ।
- बोलपत्र फारमहरु नियमानुसार यस नगरपलिकाको बोलपत्र फारम भरी बोलपत्रदाताले नेपाली नागरिकताको प्रमाण पत्रको अतिरिक्त व्यक्ति, संस्था फर्म वा कम्पनीले व्यवसाय दर्ता प्रमाण-पत्र र स्थायी लेखा नम्वर (मु.अ.कर सहितको) प्रमाण-पत्र तथा आर्थिक वर्ष ०७६/०७७ को कर चुक्ता प्रमाणपत्र, बोलपत्रको लागि योग्य रहेको र बोलपत्रदाताको लेटरहेडमा कुनै कार्यमा कसुर नभएको र सजाए नपाएको भनि स्वो घोषण पत्र, सम्बन्धित कार्यको लागि अख्तियारी पत्रको Scan गरी PDF format मा Upload सुचना प्रकाशित भएको मितिले ३२ औ दिन अर्थात मिति २०७८/५/७ गते दिनको १२:०० वजे भित्र e-submission गर्नुपर्नेछ र e-submitted वोलपत्रहरु सोही दिनको १:०० वजे यस कार्यालयमा वोलपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिनेछ । वोलपत्रदाता वा प्रतिनिधीको उपस्थिति नभएमा पनि वोलपत्र खोल्न वाधा पर्ने छैन ।
- बोलपत्रदाताले E-biddig मार्फत पेश गरेको बोलपत्र खोल्ने समयमा निजको E-bid दर्ता भएको नदेखिएमा वा Upload गरिएका फाइल Unreadable Format or Corrupted भएमा मुल्याङ्कनमा समावेश गरीने छैन साथै बोलपत्र खोलेको

सातौ दिन भित्र बोलपत्रदाताले बालपत्र पेश गर्दा समावेश भएको कागजातहरु प्रमाणित प्रतिलिपी र अन्य आवश्यक सम्पुर्ण कागजात सक्कलै यस कार्यालयमा पेश गर्नु पर्नेछ ।

- वोलपत्र फाराम भरी पेश गर्दा आफुले कबोल गरेको रकम अङ्क र अक्षरमा प्रष्टसंग लेखि तोकिएको धरौटी रकम यस कार्यालयको NIC ASIA बैंक भिमाद शाखामा रहेको धरौटि खाता नं A७CA५००६४९५२४००४ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको रितपूर्वकको बैंक जमानी पत्र (विडवण्ड) पेश गर्नुपर्नेछ । कवोल गरेको रकमको अङ्क र अक्षरमा लेखिएको व्यहोरा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।
- स्वीकृत ठेक्का अङ्कलाई २ किस्तामा विभाजन गरिएको छ । पहिलो किस्ता न्युन्तम ५०% र बाँकी रकम दोश्रो किस्ता गरी २ किस्तामा विभाजन गरिएको र पहिलो किस्ता न्युनतम ५०% सम्झौता अगावै अनिवार्य दाखिला गरि बाँकीको हकमा जमानत वापत नेपाल सरकारको मान्यता प्राप्त बाणिज्य बैकवाट २०७९ श्रावण मसान्त सम्म मान्य हुने बैंक ग्यारेण्टी (परफरमेन्स वण्ड) पेश गर्नुपर्नेछ। साथै बाँकी रकमको किस्ता २०७९ साल बैशाख मसान्त भित्र भूक्तान गर्नुपर्नेछ। ठेक्का सम्झौता गर्दा धरौटी पेश गरेको रकमलाई किस्ता भुक्तान गर्दा समायोजन गर्न पाईने छैन ।
- स्वीकृत ठेक्का अङ्कको पुरै रकम सम्झौताका वखत एकमुष्ट वुझाउन चाहेमा न्युनतम अंकमा नघट्ने गरी तथा मु अ कर र अग्रीम आय कर बाहेकको रकममा बढिमा १० % छुट दिई सम्झौता गर्न सकिनेछ ।
- तोकिएको किस्ता म्याद भित्र नवुझाएमा नगरपालिकाको तर्फवाट ठेक्का तोडी, वाँकी रहेको किस्ता वैक ग्यारेण्टीवाट असुल उपर गर्ने गरी कानुनी प्रक्रिया अपनाईनेछ। अशुल गर्न वाँकी रकममा १०% थप क्षतीपूर्ति समेत जोडी सरकारी वाँकी सरह अशुल उपर गरिनेछ ।
- कुनैपनि शर्त राखी पेश गरेको र रित नपुगेको वोलपत्र माथी कुनै कारवाही गरिने छैन ।
- बोलपत्र पेश गर्दा राखेको धरौटी रकम ठेक्का सम्झौता भएपछि मात्र फिर्ता दिईने छ ।
- बोलपत्रताले सम्झौता पत्रमा पट्टापुर्जीमा तोकिएको बस्तुहरुमा मात्र तोकिए बमोजिमको दरमा रोयल्टी संकलन गर्नुपर्नेछ। रोयल्टी दर गण्डकी प्रदेश सरकारबाट स्वीकृत भए बमोजिम हुनेछ। सो भन्दा फरक हुने गरी कर संकलन गरेमा ठेक्का सम्झौता तोडी नियमानुसार कारबाही हुनेछ ।
- यस कार्यालयको सूचनामा प्रकाशन गरेको शर्त एवं अन्य कुराहरु प्रचलित ऐन नियम अनुसारका शर्तहरु पालना गर्नुपर्नेछ।
- यस ठेक्काको लागि तपसिल बमोजिमको दररेट प्रयोग गर्नुपर्नेछ।
- नदीजन्य सामाग्री ढुंगा, गिटी, माटो, बालुवा, दहत्तर-बहत्तर :- रु.२।५० (दुई रुपैंया पैशा पचास मात्र) प्रति क्यूविक फिट (कर बाहेक)
- खयर, साल, सिसौ, चाप लगायत मूल्यवान काठहरु :- रु. १०।०० (दश रुपैंया) प्रति क्यूविक फिट (कर बाहेक)
- अन्य कू-काठ :- रु. ५००।०० (पाँच सय) प्रति ट्रयाक्टर र रु. १,५००।०० (पन्ध्र सय) प्रति ट्रक (करबाहेक)
- कबाडीजन्य -बियर बोतल प्रतिगोटा रु.०/२५, टिन फलाम प्रति किलो रु.०/५०, अन्य बोतल प्रतिगोटा रु ०/१०, कबाडि कागज प्रतिकिलो रु. ०/२५,प्लास्टिक प्रतिकिलो रु.०/१०, डढेको मोबिल प्रतिलिटर रु.०/२५ पैशा (कर बाहेक)
- पेश भएका वोलपत्र स्वीकृत गर्ने वा अस्विकृत गर्ने, सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
- यस सूचना र वोलपत्र फारममा उल्लेख भए वाहेक अन्य कुराहरु प्रचलित ऐन, नियम अनुसार हुनेछ ।
- बिस्तृत जानकारीका लागी यस कार्यालयको सुचना पाटिमा हेर्नहुन वा कार्यालय समय भित्र यस कार्यालयको राजश्व शाखामा सम्पर्क राख्नु हुन सम्वन्धित सवैलाई जानकारी गराइन्छ ।

.........................
प्रमुख प्रशासकिय अधिकृत